# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कोशी प्रदेश, नेपाल

**समुदायमा आधारित पुनःस्थापना सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना**

प्रकाशित मितिः २०८१/०३/१३

यस कनकाई नगरपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र करुणा फाउण्डेसन नेपालको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्धारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त फारम भर्न आह्वान गरिएको छ। कनकाई नगरपालिकाले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविधालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी पन्ध्र दिनभित्र यस नगरपालिकाको कार्यालयमा दरखास्त फारम पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेहि दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

तपसिल

१. विज्ञापन नं., पद र माग संख्याः

| सि.नं. | वि.नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १. | प्र.१५-२०८०/८१ | समुदायमा आधारित पुनःस्थापना (सिविआर) सहजकर्ता | खुला | २ |
| २. | प्र.१६-२०८०/८१ | | समावेशी (अपाङ्गता) | १ |

२. सेवाको किसिमः अस्थायी (करार सेवा)

३. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

(ग) पुरुषका हकमा १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको,

Jamuna

जमुना कटुवाल
अधिकृत सातौं

Scanned with CamScanner

कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय जामुनबारी, झापा कोशी प्रदेश, नेपाल

(घ) यस कनकाई नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्ने छ। तर, छनौट गर्दाका बखत उल्लिखित योग्यता भएका स्थानीय व्यक्तिबाट निवेदन नआएमा जिल्लाका अन्य पालिकामा रहेका योग्यता पुगेका व्यक्तिहरु मध्येबाट मार्गदर्शन बमोजिमको प्रक्रिया पुरा गरी सहजकर्ता छनौट गर्न सकिनेछ।

(ङ) नियमित रुपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,

(च) नियमित रुपमा अपाङ्गता भएका व्यक्तिहरुको घरैमा गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,

(छ) कम्प्युटर तथा कागजी दुवै स्वरुपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने ।

४. तलव, सुविधा तथा अन्य सेवा शर्तः मासिक रु.२५,०००।- (पच्चिस हजार रुपैयाँ मात्र) र अन्य सेवासुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ ।

५. उम्मेद्वारको छनौट विधिः लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता ।

६. दरखास्त फाराम प्राप्त गर्ने बुझाउनु पर्ने स्थानः

(क) कनकाई नगरपालिकाको कार्यालयबाट दरखास्त फारम प्राप्त गरी उक्त फाराम भरी नगरपालिकाको कार्यालयमा बुझाउनु पर्ने,

(ख) समावेशी (अपाङ्गता) तर्फ फाराम बुझाउने उम्मेद्वारहरुले प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचय-पत्रको प्रमाणित प्रतिलिपि समेत दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ ।

७. परीक्षा दस्तुरः खुला र समावेशी (अपाङ्गता) मध्ये कुनै एक समूहका लागि रु. ५००।- (अक्षरुपी रु पाँच सय मात्र)खुलासँगै समावेशी (अपाङ्गता) सिटमा थप रु. १००।-(अक्षरुपी रु एक सय मात्र)

८. परीक्षा दस्तुर बुझाउने प्रक्रियाः कनकाई नगरपालिकाको राजस्व फाँटमा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ।

९. दरखास्त फाराम भर्ने मितिः मिति २०८१/०३/१३ देखी २०८१/०३/२७ सम्म ।

१०.परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको तीन दिन भित्र टेलिफोन गरी जानकारी गराइने छ । साथै यस कार्यालयको सूचनापाटीमा समेत टाँस गरिने छ ।

११.पाठयक्रमः दरखास्त फारामसँगै प्राप्त गर्न सकिने ।

१२.शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाएको दिनसम्म जारी भएकोलाई मात्र मान्यता दिइने छ ।

१३.आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार कनकाई नगरपालिकालाई हुनेछ ।

१४.दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा कनकाई नगरपालिकाको कार्यालयको टेलिफोन नं. ०२३-४०११५५ मा सम्पर्क गरी बुझ्न सकिने छ ।

जमुना कटुवाल
अधिकृत सातौं

Scanned with CamScanner